आज मिति २०७७ साल श्रावण २० गते मंगलबार दिनको ३:०० बजे श्रीमान प्रमुख जिल्ला अधिकारी एवं कोरोना रोकथाम जिल्लास्तरीय समन्वय समिति (कमाण्ड पोष्ट) का अध्यक्ष श्री मोहनराज जोशी ज्यूको अध्यक्षतामा जिल्लास्तरीय कोरोना रोकथाम समन्वय समितिको बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय अनुसारका निर्णयहरु गरीयो ।

उपस्थिति

| | |
|---|---|
| प्र. जि. अ. श्री मोहनराज जोशी | – अध्यक्ष |
| प्र. ना. उ. श्री नारायण प्रसाद अधिकारी | – सदस्य |
| स. प्र. ना. उ. श्री अमित सिंह | – सदस्य |
| प्र. अ. अ. श्री हरेण्ड बहादुर कुँवर | – सदस्य |
| सह-सेनानी श्री बल बहादुर देउवा | – सदस्य |
| स. प्र. जि. अ. श्री लोकेन्द्र सिंह नेगी | – सदस्य |
| नि. मे. सु. डा. बसन्तराज जोशी | – सदस्य |
| ज. स्वा. अ. श्री योगेश प्रसाद भट्ट | – सदस्य |

विशेष उपस्थिति :-

जि. स. स. प्रमुख श्री सिद्धराज भट्ट, जिल्ला समन्वय समितिको कार्यालय, बैतडी

निर्णय नं. १. हालको समयमा कोभिड-१९ (कोरोना भाइरस) संक्रमणको जोखिम बढीरहेको सन्दर्भमा जिल्ला प्रशासन कार्यालयमा सेवा ग्राहीहरुको संख्यामा वृद्धि भई भिडभाड बढ्दै गइरहेको देखिएकाले संक्रमणको जोखिमलाई मध्य-नजर गरी नागरिकता तथा राहदानी लगायत यस कार्यालयबाट प्रदान गरीने सेवा लिन आउने सेवाग्राहीलाई यस जिल्ला अन्तर्गत गा.पा./न.पा.का सेवा ग्राहीहरूलाई तपसिल बमोजिम तोकिएको दिन मात्र यस कार्यालयमा आई सेवा लिन हुन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरीयो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

तपसिल:

| आइतबार, सोमबार, मंगलबार | बुधबार, बिहीबार, शुक्रबार |
| --- | --- |
| १. सिगास गाउँपालिका | १. दशरथचन्द नगरपालिका |
| २. शिवनाथ गाउँपालिका | २. पाटन नगरपालिका |
| ३. पञ्चेश्वर गाउँपालिका | ३. दोगडाकेदार गाउँपालिका |
| ४. मेलौली नगरपालिका | ४. सुर्नया गाउँपालिका |
| ५. डिलासैनी गाउँपालिका | |

निर्णय नं. २. विदेशबाट नेपाल आउने व्यक्तिहरुको हकमा प्रवेश बिन्दुमा अनिवार्य रुपमा क्वारेन्टाइनमा राखेर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको अवधि भित्र PCR परिक्षण गर्ने एवं स्वास्थ्य प्रोटोकल बमोजिम अन्यत्र जाने गरी अनुमती दिने भनी संकट व्यवस्थापन केन्द्र (CCMC) को बैठकबाट निर्णय भएको हुँदा झुलाघाट नाकाबाट नेपाल भित्रिनेको हकमा तत्काल दशरथचन्द नगरपालिका क्षेत्र भित्र क्वारेन्टाइन निर्माण गर्ने पहल गर्ने निर्णय गरीयो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

निर्णय नं. ३. कोभिड-१९ महामारी रोकथाम, नियन्त्रणको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय द्वारा जारी स्वास्थ्य सम्बन्धी मापदण्ड, गृह मन्त्रालयबाट जारी सुरक्षा सम्बन्धी मापदण्ड तथा अन्य क्षेत्रगत मन्त्रालयहरुले तय गरेका मापदण्डहरु जिल्ला स्थित सबै सुरक्षा निकाय, स्थानीय निकाय लगायतका जिम्मेवार निकायहरुले कडाइका साथ पालना गर्ने गराउने निर्णय गरीयो।